# साकेला गाउँपालिकाको संस्था दर्ता कार्यविधि, २०७८

**प्रस्तावना-**

साकेला गाउँपालिका क्षेत्र भित्र कार्यक्षेत्र निर्धारण गरी सामाजिक, धार्मिक, साहित्यिक, सास्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना, दर्ता तथा खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम साकेला गाउँपालिकाको कार्यपालिका वैठकले यो कार्यविधि तर्जुमा गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "साकेला गाउँपालिकाको संस्था दर्ता कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्र प्रकाशित भए पश्चात लागु हुनेछ।

(३) यो कार्यविधि साकेला गाउँपालिका भित्र मात्र लागू हुनेछ।'

२. **परिभाषा** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "संस्था" भन्नाले सामाजिक, धर्मिक,साहित्यिक, सास्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, सिचाई सम्बन्धि व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं बिस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद, सामुदायिक संस्था, टोल विकास समिति, अध्ययन केन्द्र जल उपभोक्ता समिति आदि सम्झनुपर्छ।

(ख) "प्रमुख" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ग) "उपप्रमुख" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय प्रमुखलाई सम्झनुपर्छ।

(च) "गाउँपालिका" भन्नाले साकेला गाउँपालिका सम्झनुपर्छ।

(छ) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनुपर्छ।

(ज) "विषयगत शाखा" भन्नाले साकेला गाउँ कार्यपालिका अन्तरगतको विषयगत शाखा, उपशाखा, कार्यलय वा इकाईलाई सम्झनुपर्छ।

(झ) ‘‘कार्यसमिति’’ भन्नाले संस्थाको संचालनको लागि गठित कार्य समिति सम्झनु पर्दछ। उक्त कार्य समिति दफा ३ ‘क’ बमोजिम हुनुपर्नेछ।

३. **दर्ता नगरी संस्था खोल्न नहुनेः** यस कार्यविधि बमोजिम दर्ता नगरी पनि संस्था स्थापना गर्न हुदैन।

३ **'क' (१)** कार्यसमिति:- संस्था संचालकको लागि निम्न बमोजिमको कार्य समिति गठन गर्नु पर्दछ ।

अध्यक्ष - १ जना

उपाध्यक्ष - १ जना

सचिव - १ जना

कोषाध्यक्ष-१ जना

सदस्य - ३ जना

(२) संस्था खाता संचालन गर्नुपर्ने अवस्थामा अध्यक्ष र कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कार्यसमितिको सदस्य सङ्ख्या कम्तिमा ७ र बढीमा ११ जना हुनेछ ।

४ **संस्था दर्ता**: (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सन्बन्धि देहायको विवरण खुलाई संस्थाको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका कार्यलयमा निवेदन दिनुपर्ने छः-

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु,

(ग) कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना

(च) वडाको सिफरिस ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको कारण सहितको सूचना ७ दिनभित्र निवेदकलाई दिनु पर्नेछ ।

(४) यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा, दर्ता शुल्क, अवधि, नवीकरण र नवीकरण दस्तुर अनुसुचिमा तोके बमोजिम हुनेछ ।

५. **संगठित संस्था मानिने** – (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप र विधान हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

६. **संस्थाको सम्पत्ति-** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

७. **अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने:-** यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भई सञ्चालनमा रहेका संस्थाले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो कार्यविधि बमोजिम दर्ता गराउनु पर्नेछ । दर्ता शुल्क तोकिए बमोजिम हुनेछ ।

८. **संस्थाको उद्देश्यहरुमा हेरफेर-** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले ततसम्बन्धि प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

९. **हिसावको विवरण पठाउनुपर्ने-** प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँपालिकामा पठाउनु पर्नेछ ।

१०. **हिसाब जाँच गर्ने**: (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेको संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधीकृतद्वारा जाँच गराउने सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत प्रमुख प्रशासकीय अधिकृतले हिसाब जाँचबाट देखिने आएको संस्थाको मौज्दात रकमको सयकडा ५०% प्रतिशतमा नबढाइ आफुले निरधारित गरेको दस्तुर असुल गरी संचित कोष खातामा जम्मा गराउन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रदिवेदन स्थानीय अदिकारी समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ । तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

११. **निर्देशन दिने**: गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२. **दण्ड सजाय**: (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेको वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम विवरण नपठएमा प्रबन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही पाँच सय रुपैया सम्म गर्न सक्नेछ ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधीकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धीत पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँचसय रुपैया सम्म जरिवान गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अदिकृतको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुने गरी काम कारवाही गरेमा वा नेपाल सरकारले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

१३. **पुनरावेदन**: दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैतिस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

१४. **संस्थाको विघटन र त्यस्को परिणाम**: (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा देहायका अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेधा नेपाल सरकारमा स्वत: सर्नेछ ।

देहाय:- (क) लगातार ५ आ.व नविकरण नगरेमा

(ख) विधान बमोजि.को कार्यसंपादन नगरेमा

(ग) आर्थिक हिनामिना वा अन्य कारणबाट टाट पल्टिएमा ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थको जायजेथाले थामेसम्म त्यस्तो दायित्व नेपाल सरकारले व्यहोर्नेछ।

१५. **नियम वा कार्यविधि बनाउने अधिकार**: यस ऐनले उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम वा कार्यविधि बनाउन सक्नेछ।

१६. **अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थपना गर्नुपर्ने**: कुनै संस्थाको दर्ता वा स्थापना गर्नर सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐन अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ।

१७. **बाझिएको हद सम्म बदर हुने**:- संघिय ऐन र कार्यविधिसँग यो कार्यविधिको प्रावधानहरु बाझिएको हदसम्म बदर हुनेछ।

## अनुसुचि-१

**( संस्था दर्ता प्रमाणपत्रको नमुना )**

द.नः-........ मितिः-

श्री.......................

...........................।

विषयः- प्रमाणपत्र दिईएको ।

प्रस्तुत विषयमा तपाईले ...................................... कार्यक्षेत्र हुनेगरी निम्न बमोजिम उद्देश्य राखि .......................... क्षेत्रमा काम नर्ने गरी संस्था दर्ता गरि पाउँ भनि निवेदन दिनुभएको यस पालिकाको संस्था दर्ता गर्ने कार्यविधि, २०७८ बमोजिम यो प्रमाणपत्र दिइएको छ ।

संस्थाको उद्देश्यः-

(क)

(ख)

(ग)

(घ)

कार्यलयको छाप

प्रमाणपत्र दिने अधिकारीको

नाम, थरः-

दस्तखतः-

पदः-

मितिः-

## अनुसुचि-२

**( संस्था दर्ता शुल्क तथा नविकरण शुल्क )**

(क) कार्यविधिमा उल्लेखित प्रकृतिका संस्था दर्ता गर्न सम्पुर्ण रित पुऱ्याई आएमा दर्ता शुल्क – रु १००० |-

(ख) श्रावन महिना सम्म नविकरण गरीसकेमा – निशुल्क

(ग) श्रावन देखि कार्तिक सम्म नविकरण गरेमा – रु २५० ।-

(घ) मङ्सिर देखि फाल्गुन सम्म नविकरण गरेमा – रु ५०० ।-

(ङ) चैत्र देखि असार सम्म नविकरण गरेमा – रु ८०० ।-

(च) एक आर्थिक वर्ष पुरै नविकरण नगरि अर्को आ.व को कुनै पनि महिनामा नविकरण गरेमा – रु २००० ।-

(छ) दर्ता भएको आ.व को तश्रो वर्षदेखि अन्य आ.व को कुनै पनि समयमा नविकरण गर्न आएमा नविकरण गर्न नआएको वर्ष रु २५०० ।- को दरले लिई नविकरण गरिने ।

प्रमाणिकरण मितिः २०६८-०८-९

द.खः

नाम, थरः अर्जुन कुमार खत्री

(अध्यक्ष)